**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१ प्रधानमंत्री नरेन्द्र मोदीले राष्ट्रिय स्वयंसेवक संधको शताब्दीको वर्ष सामोराहमा आज नयाँ दिल्लीमा डाक टिकट र सिक्का जारी गर्नुहुनेछ।

२. पंजाबका बाढ़ पीड़ित मानिसहरूलाई केन्द्रले हर सम्भव मदद गर्नेछ- अमित शाह ।

३. वरिष्ठ भाजपा नेता विजय मल्होत्राको निधन प्रति आज दिल्ली सरकारले गरयो शोकको घोषणा।

४. भारत- ई.एफ.टि.ए व्यापार एवं आर्थिक साझेदारी सम्झौता आज देखि लागु।

५. फिलिपिन्समा ६.९ तीव्रताको भूकम्प , १३ जनाको मृत्यु।

६. आज अन्तराष्ट्रिय वरिष्ठ नागरिक दिवस पालन गरिन्दैछ।

**प्रधानमन्त्री - आरएसएस शताब्दी समारोह**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीमा राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को शताब्दी समारोहमा भाग लिनुहुनेछ। समारोहहरूले संघको विरासत, यसको सांस्कृतिक योगदान र राष्ट्रिय एकतामा यसको भूमिकालाई उजागर गर्नेछन्। यस अवसरमा, प्रधानमन्त्रीले राष्ट्रमा आरएसएसको योगदानलाई चित्रण गर्ने विशेष रूपमा डिजाइन गरिएको स्मारक हुलाक टिकट र सिक्का जारी गर्नुहुनेछ।

**गृह मंत्रालय- पंजाब**

केन्द्रीय गृहमन्त्री अमित शाहले नरेन्द्र मोदी सरकार पञ्जाबका बाढी प्रभावितलाई हरसम्भव सहयोग गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ। पञ्जाबका मुख्यमन्त्री भगवंत मानले हिजो साँझ नयाँ दिल्लीमा श्री शाहलाई भेटेर राज्यमा बाढीले पुऱ्याएको क्षतिबारे जानकारी दिनुभयो।उहाँले विपद् राहत र पुनस्र्थापनाका लागि राज्यका लागि थप रकमको पनि माग गर्नुभयो ।बैठकको अवधि मुख्यमंत्रीले बताउनु भयो राज्य आपदा प्रतिक्रिया कोषमा राज्यसंग 12 हजार पांच सय 89 करोड़ रुपिया भन्दा अधिकको धनराशि छ जसको उपयोग भारत सरकारको मानकहरु अनुसार प्रभावित मानिसहरुको राहत र तत्काल पुनर्वासको लागि गर्न सकिन्छ। गृह मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, 'केन्द्र सरकारले राज्य प्रशासनलाई बाढीको समयमा खोज, उद्धार र पुनर्स्थापनामा केन्द्रीय एजेन्सीहरूबाट सबै सम्भव सहयोग प्रदान गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सेप्टेम्बर ९ मा पञ्जाबको भ्रमण गर्नुभएको थियो र बाढीको अवस्था र त्यसबाट भएको क्षतिको समीक्षा गर्नुभएको थियो । प्रधानमन्त्रीले घोषणा गरेको १ अर्ब ६ सय करोड आर्थिक सहयोगमध्ये ८०५ करोड प्रदेश सरकार र सम्बन्धित लाभार्थीहरुलाई जारी भइसकेको मन्त्रालयले जनाएको छ ।

**दिल्ली सरकार - मल्होत्रा**

दिल्ली सरकारले वरिष्ठ भाजपा नेता, दिल्लीका प्रथम मुख्य कार्यकारी पार्षद र दिल्ली भाजपाका प्रथम अध्यक्ष प्रोफेसर विजय कुमार मल्होत्राको निधनमा आज राज्य शोकको घोषणा गरेको छ। मुख्यमन्त्रीले वहांको निधनमा गहिरो शोक व्यक्त गर्दै यसलाई अपूरणीय क्षति भन्नु भएकोछ । राज्य सरकारले वहांको अन्तिम संस्कार पूर्ण सम्मानका साथ गर्ने कुरा सुनिश्चित गरिएको वहाँले बताउनु भयो ।

**GST सुधारहरू - शैक्षिक वस्तुहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा गर्नुभएको GST बचत महोत्सवबाट समाजका सबै वर्ग लाभान्वित भइरहेका छन्। गत महिनाको २२ तारिखदेखि सुरु भएको अर्को पुस्ताको GST सुधारहरू भारतको अप्रत्यक्ष कर प्रणालीलाई सरल बनाउने दिशामा एक महत्त्वपूर्ण कदम हो। यी सुधारहरूले विभिन्न वस्तु र सेवाहरूमा कर दरहरू घटाएर नागरिकहरूलाई उल्लेखनीय राहत प्रदान गरिरहेका छन्। आज, हामी स्टेशनरी वस्तुहरूमा GST कटौतीको बारेमा एक रिपोर्ट प्रस्तुत गर्दछौं।

**सेवा पर्व - राष्ट्रिय शिक्षा नीति २०२०**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, सरकार सेवा र सुशासनको मन्त्रमा आधारित परिवर्तन र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आजको यस विशेष श्रृंखला - 'सेवा पर्व' - मा, हामी तपाईंलाई मोदी सरकारले G-२० मा भारतको सफलता कसरी प्रदर्शन गरेको छ, विश्वव्यापी दक्षिणको आवाजलाई कसरी बढाएको छ र भारतको विश्वव्यापी नेतृत्वलाई कसरी बलियो बनाएको छ भन्ने कुरा प्रस्तुत गर्दछौं।

**Byte**

**भारत-टीईपीए**

भारत-ईएफटीए व्यापार एवम् आर्थिक साझेदारी सम्झौता आजदेखि लागू भएको छ। वाणिज्य तथा उद्योग मन्त्रालयले गत वर्ष १० मार्चमा नयाँ दिल्लीमा उक्त सम्झौतामा हस्ताक्षर भएको जनाएको छ । ईएफटीए एक महत्वपूर्ण क्षेत्रीय समूह हो जसमा वस्तु र सेवाको अन्तर्राष्ट्रिय व्यापार बढाउने धेरै अवसरहरू छन्। इफ्टाका सदस्य राष्ट्रहरुमा आइसल्यान्ड, लिच्टेन्स्टाइन, नर्वे र स्विट्जरल्यान्ड रहेका छन् । तीमध्ये स्विट्जरल्यान्ड भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो भने त्यसपछि नर्वे रहेको छ । व्यापार तथा आर्थिक साझेदारी सम्झौता आधुनिक र महत्वाकाङ्क्षी सम्झौता हो । भारतले पहिलो पटक स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेको छ जसमा लगानी र रोजगारी सिर्जनासँग सम्बन्धित छ।वाणिज्य र उद्योग मन्त्रालयका अनुसार यस वर्षको फेब्रुअरीदेखि एक समर्पित ईएफटीए डेस्क पनि सञ्चालनमा आएको छ। ईएफटीए भारतमा लगानी विस्तार गर्न र सञ्चालन स्थापना गर्न व्यवसायहरूलाई सहयोग पुर् याउन लगानी सुविधाको लागि एकल-विन्डो संयन्त्र हो। डेस्कले भारत र ईएफटीए साझेदारहरूबीच निरन्तर संलग्नता सुनिश्चित गर्दै निरन्तर व्यापार-सरकार संवादलाई बढावा दिनका लागि प्राथमिक माध्यमको रूपमा पनि काम गर्नेछ।

**भारत-यूरोपीय मुक्त व्यापार समझौता**

भारत-यूरोपीय मुक्त व्यापार संघ, व्यापार र आर्थिक भागीदारी समझौता आजदेखि लागू हुनेछ। वाणिज्य तथा उधोग मंत्रालयले एक विज्ञप्तिमा बताएको छ 'गत वर्ष १० मार्चमा नयाँ दिल्लीमा यो सम्झौतामा हस्ताक्षर भएको थियो। व्यापार र आर्थिक साझेदारी सम्झौता एउटा महत्त्वपूर्ण क्षेत्रीय समूह हो।जसमा वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय व्यापार बढाउने धेरै अवसरहरू रहेका छन् । व्यापार र आर्थिक साझेदारी सम्झौताका सदस्य राष्ट्रहरू आइसल्याण्ड, लिकटेन्स्टाइन, नर्वे र स्विट्जरल्याण्ड हुन् र स्विट्जरल्याण्ड भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो। त्यसपछि नर्वे छ । व्यापार र आर्थिक साझेदारी सम्झौता एक आधुनिक र महत्वाकांक्षी सम्झौता हो जुन भारतले हस्ताक्षर गरेको कुनै पनि स्वतन्त्र व्यापार सम्झौतामा पहिलो पटक समावेश गरिएको छ। यो निवेश र रोजगारी सिर्जनाप्रतिको प्रतिबद्धता हो ।

**राष्ट्रपति- पीबीजी**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवनमा आयोजित एक समारोहमा राष्ट्रपति अंगरक्षकहरुलाई (पीबीजी) हीरक जयंती रजत बिगुल र ध्वजा प्रदान गर्नुभयो ।यो सम्मान 1950 मा पीबीजीको रुपमा नामित भएदेखि 75 वर्षहरुको गौरवशाली सेवाको सम्मानमा प्रदान गरिएको थियो। उहाँले पीबीजीलाई उनीहरुको व्यावसायिक उत्कृष्टता र उत्कृष्ट सैन्य परंपराहरुको लागि बधाई दिनुभयो। राष्ट्रपतिले अंगरक्षक दललाई उनीहरुको व्यावसायिक उत्कृष्टता र उत्कृष्ट सैन्य परंपराहरुको पालनाको लागि बधाई दिनुभयो । उहाँले भन्नुभयो यस सम्मानसंग एउटा महत्वपूर्ण जिम्मेवारी जुडडेको छ।यस अवसरमा 2022 मा

सेवानिवृत्त कमांडेंट चार्जर अश्व 'विराट' पनि उपस्थित थिए। राष्ट्रपति अंगरक्षक दलले सेवानिवृत्ति बाद विराटलाई अपनाएका छन् , जुन अंगरक्षक दल र उनीहरुको घोडाहरु बीच स्नेह बंधनको अनौठो प्रतीक हो।

**मुख्य चुनाव आयुक्त – धन्यवाद**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले बिहारका मतदाताहरू, बिहारका मुख्य निर्वाचन अधिकारीहरू, मतदाता पञ्जीकरण अधिकारीहरू र बुथ स्तरीय अधिकारीहरू सहित सबै निर्वाचन अधिकारीहरूप्रति आभार व्यक्त गर्नुभएको छ।उहाँले २२ वर्षपछि बिहारमा विशेष गहन पुनरीक्षण अभियानलाई सफलतापूर्वक सम्पन्न गरेकोमा पार्टी नेताहरू र मिडियाप्रति आभार व्यक्त गर्नुभएको छ। निर्वाचन आयोगले बिहार विधानसभा चुनावका लागि अन्तिम मतदाता नामावली सार्वजनिक गरेको छ। यो अन्तिम सूचीअनुसार ७ करोड ४२ लाख मतदाताको नाम सूचीमा समावेश गरिएको छ, जसले आगामी विधानसभा चुनावमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछन्।

**PAK BALOCH ATROCITIES**

पाकिस्तानको सेनाले बलुचिस्तानमा कम्तिमा पनि 4 बलोच आम नागरिकहरूको अपहरण गरि गाएब गरि दिएको छ। पाकिस्न सेनाका बढ्दो अत्याचारको विरोधमा मानिसहरूले लगातार प्रदर्शनहरू गरि रहेका छन्। बलोच राष्ट्रीय मानवाधिकार आन्दोलन विभागले यो जानकारी दिएको हो। गत 27 सितम्बरको दिन पाकिस्तानको सेनाले गिली बुलेदाबाट 2 जना आम नागरिकको अपहरण गरेको मानवाधिकार संगठनले बताएको छ। यसरी नै 29 सितम्बरको दिन केचबाट एक जना अनि हिजो परूम बाट एक जनाको को अपहरण सेनाले गरेको बताइएको छ। यसरी नै पाकिस्तानी सेनाले आफ्नो समर्थनमा केही लड़ाकाहरूलाई तैयार गरेको छ जसले झाइनमा मानिसहरूमाथि गोली चलायो जसमा कति जना घाइते भएका छन्। हालै बलुचिस्तानमा 123 जनालाई पाकिस्तानको सेनाले अहरण गरेको छ जसमा 26 जनाको हत्या गरि सकिएको बलोच मानवाधिकारवादी संगठनले बताएको छ। बलोटहरूको आवाज दबाउन पाकिस्तानको सेनाले डेथ स्वाड बनाएको छ जसले बलोचहरूको अपहरण र हत्या गर्ने काम गरि रहेका छन् भनि संगठनले बताएको छ।

**रिज़र्व बैंक- डिप्टी गवर्नर**

सरकारले शिरीष चंद्र मुर्मुलाई भारतीय रिज़र्व बैंकको डिप्टी गवर्नर नियुक्त गरेको छ। हाल उहाँ रिज़र्व बैंकमा कार्यकारी निदेशक हुनुहुन्छ। श्री मुर्मुलाई नियुक्ति तीन वर्षको अवधिको लागि गरिएको छ , जो 9 अक्टूबर, 2025 अथवा त्यसपछि आरंभ हुनेछ र अघिल्लो आदेश नभएसम्म लागू रहनेछ।

**फिलिपिन्स - भूकम्प**

गए रति मध्य फिलिपिन्समा गएको ६.९ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा १३ जनाको मृत्यु भएको छ। भूकम्पले जनधनको व्यापक क्षति गर्ने अनुमान गरिएको छ। अमेरिकी भूगर्भ सर्वेक्षणका अनुसार स्थानीय समय अनुसार गए राति १० बजेतिर पालोम्पोनको पश्चिममा र सेबु प्रान्तको बोगो शहर नजिकै लगभग १० किलोमिटर पानीमुनिको गहिराइमा शक्तिशाली भूकम्प गएको थियो। भूकम्पको केन्द्रबिन्दु सेबु प्रान्तको बोगो शहरबाट लगभग १७ किलोमिटर उत्तरपूर्वमा रहेको थियो। फिलिपिन्स रेडक्रसका अध्यक्ष रिचर्ड गोर्डनले सान रेमिगियो शहरमा बास्केटबल खेलको क्रममा खेलकुद परिसर भत्किँदा फिलिपिन्सका तीन कोस्ट गार्ड सदस्य र एक अग्नि नियन्त्रक सहित कम्तिमा १३ जनाको मृत्यु भएको बताए।

**अंतर्राष्ट्रीय वरिष्ठ नागरिक दिवस**

सामाजिक न्याय एवं अधिकारिता मंत्रालयले आज नयाँ दिल्लीमा अंतर्राष्ट्रीय वरिष्ठ नागरिक दिवस म्नाउनेछ। मंत्रालयले एक विज्ञप्तिमा भनेको छ यस कार्यक्रमले वरिष्ठ नागरिकहरुको लागि एक सम्मानजनक र सक्षम पारिस्थितिकी तंत्र बनाउने सरकारको प्रतिबद्धतालाई दर्साउदछ। कार्यक्रम गरिमाको साथ वृद्धावस्थाको बिषय वस्तुमा आयोजित गरिनेछ

****** ० ******